बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय

# व्यावसायिक तथा सीप विकास तालिम केन्द्र

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः २०७९/०८०
चलानी नम्बरः १३८

मितिः २०७९/०९/१९

विषयः आवासीय महिला सीप विकास तालिम सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय
रसुवा

उपरोक्त सम्बन्धमा यस केन्द्रको आ.व. २०७९/०८० को वार्षिक कार्यक्रम अनुसार यही मिति २०७९ माघ १० गते देखी असार सम्म संचालन हुने आवासीय महिला सीप विकास ६ महिने (७३० कार्य घण्टा) को निःशुल्क (कटाई सिलाई , कुशन बनाउने, बेसिक कुक र अन्य व्यवसायिक सीप) तालिममा सहभागी हुन बागमती प्रदेश अन्तर्गतका जिल्लाहरुमा बसोबास गर्ने नेपाली नागरिकता प्राप्त कम्तीमा ५ कक्षा उतीर्ण ईच्छुक १६ वर्ष देखी ४० वर्ष सम्मको उमेर समुहका गरिब/बिपन्न, दलित, विस्थापित, द्वन्द पिडित, शहिद तथा घाइते परिवार, महिला/एकल महिला, घरेलु हिंसा पिडित, पिछडिएको समुदाय, ग्रामीण भेगका महिलाहरु बाट छनौट गरी सम्बन्धित व्यक्तिको अभिभावकको मन्जुरीनामा, नागरिकता र सम्बन्धित व्यक्तिको स्थाई बसोबास भएको पालिका/वडा कार्यालयबाट प्रमाणित कागजात साथ तालिम सिक्न ईच्छुक २ (दुई) जना महिला मात्र आवासीय सीप विकास तालिममा तहाँको सिफारिस पत्र सहित यस व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौंडा-८ कमाने, मकवानपुरमा मिति २०७९/१०/९ गते सोमबारका दिन आईपुग्ने गरी सहभागी प्रशिक्षार्थी उपलब्ध गराई सहयोग गरी दिनु हुन सादर अनुरोध छ ।

पुनश्चः उक्त तालिममा समावेश हुने महिला प्रशिक्षार्थीहरु द्वारा पालना गर्नु पर्ने शर्त एवं सुविधाहरुको विवरण पाना, १ (एक) यसै साथ संलग्न छ साथै तालिम प्रारम्भ भएको मितिले ३ दिन पछि आउनेलाई तालिममा समावेश गर्न नसकिने व्यहोरा समेत जानकारीको लागी अनुरोध छ ।

(सम्पर्कको लागी: आवासिय महिला सीप विकास तालिम
प्रशिक्षकः सम्त्रिका गुरुङ्ग मोः नं. ९८६४८४८३६९)

..................
(डोर बहादुर खड्का)
नि. केन्द्र प्रमुख

बोधार्थः
श्री श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, मकवानपुर, नेपाल ।

Phone: 057-412716, 057-412724, Email: vsdtchetauda@gmail.com, Website: vsdtchetauda.bagamati.gov.np

बागमती प्रदेश सरकार
श्रम, रोजगारी तथा यातायात मन्त्रालय
व्यावसायिक तथा सीप विकास तालिम केन्द्र
हेटौंडा, नेपाल

## आवासीय तालिमका सहभागी प्रशिक्षार्थीहरुले पालना गर्नुपर्ने शर्त एवं सुविधाहरु

१ आवासमा बस्दा नि:शुल्क तालिमका साथै खाना बस्न र साधारण प्राथमिक औषधी उपचारको व्यवस्था मात्र उपलब्ध हुनेछ ।

२ प्रशिक्षार्थीहरुलाई मात्र एक पटक आ-आफनो जिल्ला सदरमुकामबाट तालिम केन्द्रसम्म आउन जान लाग्ने बस भाडा तालिम सम्पन्न भएपछि मात्र उपलब्ध गराईनेछ ।

३ प्रशिक्षार्थीहरुको आर्थिक अवस्था कमजोर भई सुविधा नपाएका हुनु पर्नेछ ।

४ प्रशिक्षार्थी अनिवार्य रुपमा साक्षर हुनुका साथै नेपाली नागरिक हुनु पर्नेछ ।

५ प्रशिक्षार्थी स्वस्थ हुनु पर्ने र अस्वस्थलाई तालिममा समावेस गरिने छैन साथै तालिम अवधिमा अस्वस्थ भई तालिम लिन नसकेमा फिर्ता पठाईनेछ । त्यसको जिम्मा अभिभावकले लिनु पर्नेछ ।

६ प्रशिक्षार्थीको उमेर १६ वर्ष देखी ४० वर्ष भित्रको हुनु पर्नेछ ।

७ घरमुली, गर्भवती र दुधखाने बच्चाको आमालाई तालिममा समावेश गराईने छैन र अविवाहितलाई बढी प्राथमिकता दिईनेछ ।

८ दशै र तिहारको बिदामा प्रशिक्षार्थीहरुलाई अविभावकले अनिवार्य रुपमा आफ्नै खर्चमा लैजाने र बिदा सकिएपछि केन्द्रमा पर्‍याउनु पर्नेछ ।

९ तालिममा भर्ना हुदा र समाप्त भएपछि प्रशिक्षार्थीहरुको अभिभावकले प्रशिक्षार्थीलाई अनिवार्य रुपमा पुर्‍याउन र लिन आउनु पर्नेछ ।

१० प्रशिक्षार्थीहरुलाइ भेट्न आउदा स्थानीय अभिभावकहरुले बिदाको दिन बिहान १०.००बजे देखि बेलुका ५.०० बजे सम्म मात्र भेट्न पाउनेछ तर बाहिर जिल्लाबाट आउने अभिभावकलाई यो नियम लागु हुने छैन ।

११ प्रशिक्षार्थीका अभिभावकहरुले भेट्न मात्र पाउने तर बस्ने र खाने व्यवस्था नभएको ।

१२ प्रशिक्षार्थीहरु भर्ना हुदा गाउँपालिका/नगरपालीका/उपमहानगरपालीका/महानगरपालीका कार्यालयको प्रमाणित कागजात अभिभावकको मन्जुरीनामा,नागरिकता,फोटो र सम्बन्धित निकायको सिफारिस पत्र हुनु पर्नेछ ।

१३ तालिम अवधिसम्म प्रशिक्षार्थीहरु अनुशासित भएर बस्नु पर्नेछ र अनुशासनहिन प्रशिक्षार्थीलाई कुनै पनि बेला निष्काशित गर्न सकिने छ ।

१४ छात्रवासमा बस्दा झगडा गर्ने, चोरी गर्ने, अनावश्यक कार्य गर्ने र आफनो पालोको काम नगर्नेलाई तालिमबाट कुनै पनि बेला निष्काशित गर्न सकिने छ ।

१५ प्रशिक्षार्थीहरु तालीम अवधिमा यस केन्द्रको छात्रवासबाट भागेमा यो केन्द्र जवाफदेही हुने छैन ।

१६ तालिम अवधिमा कुनै प्रशिक्षार्थीले तालिम कार्यक्रममा समावेश भईसकेपछी कुनै विशेष कारण परी स्वयंले जान चाहेमा केन्द्रमा बसेको अवधिभर लाग्न गएको सम्पूर्ण खर्चको क्षतीपूर्ति निजले तिरेर मात्र जान पाउने छन ।

१७ प्रशिक्षार्थीहरु तालिम अवधिसम्म तालिम केन्द्रमा नै अनिवार्य रुपमा बस्नु पर्नेछ । बिदामा घर जान पाउने छैनन ।

१८ प्रशिक्षार्थीहरु केन्द्रको परिसर भन्दा बाहिर जानु पर्दा यस तालिम केन्द्रका आवासिय तालिमका प्रशिक्षकहरुसंग सोधेर मात्र जान पाईने छ ।

१९ प्रशिक्षार्थीहरुलाई महिनाको अन्तिम शुक्रबार स्थानिय अभिभावकले जिम्मा लिएर जान सक्ने र आईतबार कक्षा संचालन हुनु भन्दा अगाडि तालीममा उपस्थित गराईदिनु पर्ने छ ।

प्रशिक्षार्थीको हस्ताक्षर

अभिभावकको हस्ताक्षर

Phone: 057- 412716, 057-412724, Email: vsdtchetauda@gmail.com, Website: vsdtchetauda.bagamati.gov.np